काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



❐ वर्ष : २५ ❐ अंक : २१६ ❐ मंगलवार, ५ जेठ, २०८३ ❐ Tuesday, 19 May 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

कर्णालीमा अझै सुधिएन बालमृत्युदर

स्वास्थ्य पहुँच कमजोर, कुपोषण र विशेषज्ञ अभाव मुख्य चुनौती

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, ४ जेठ

राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको नेपाल बहुसूचक सर्वेक्षण २०८१/०८२ ले कर्णाली प्रदेशमा बालमृत्युदर अझै उच्च रहेको देखाएको छ। संघीयता कार्यान्वयनपछि स्वास्थ्य संरचना विस्तार भए पनि नवजात, शिशु तथा पाँच वर्षमुनिका बालबालिकाको मृत्युदरमा अपेक्षित सुधार हुन नसकेको तथ्यांकले देखाएको हो।

सर्वेक्षणअनुसार नेपालभर प्रति एक हजार जीवित जन्ममा १७ नवजात शिशु, २७ शिशु तथा ३१ जना पाँच वर्षमुनिका बालबालिकाको मृत्यु हुने गरेको छ। तर कर्णालीमा यो दर राष्ट्रिय औसतभन्दा माथि छ। प्रदेशमा प्रति एक हजार जीवित जन्ममा २२ नवजात शिशुको मृत्यु हुने गरेको छ, भने शिशु मृत्युदर २९ र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर ३८ रहेको छ।

तथ्यांकले कर्णालीमा मातृ तथा शिशु स्वास्थ्य सेवामा अझै सुधारको आवश्यकता देखाएको छ। दुर्गम बस्ती, स्वास्थ्य संस्थासम्म सहज पहुँचको अभाव, विशेषज्ञ चिकित्सकको कमी, गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षणमा कमी तथा कुपोषणजस्ता कारणले बालमृत्युदर उच्च रहेको स्वास्थ्यकर्मीहरू बताउँछन्। प्रदेश



अस्पताल सुर्खेतका बालरोग विशेषज्ञहरूका अनुसार कर्णालीका धेरै जिल्लामा समयमै उपचार नपाउँदा नवजात शिशुको ज्यान जाने समस्या अझै कायम छ।

विशेषगरी जाजरकोट, मुगु, हुम्ला, डोल्पा र कालिकोटजस्ता दुर्गम जिल्लामा प्रसूति सेवा तथा नवजात सघन उपचार सेवा प्रभावकारी रूपमा विस्तार हुन नसक्दा जोखिम बढिरहेको छ। सर्वेक्षणले प्रदेशगत रूपमा सबैभन्दा खराब अवस्था सुदूरपश्चिम प्रदेशको रहेको देखाएको छ। त्यहाँ प्रति एक हजार जीवित जन्ममा २६ नवजात शिशु, ३८ शिशु तथा ४८ पाँच वर्षमुनिका बालबालिकाको मृत्यु हुने गरेको छ।

यस्तै सबैभन्दा कम नवजात र शिशु मृत्युदर बागमती प्रदेशमा रहेको छ, जहाँ नवजात मृत्युदर १० र शिशु मृत्युदर १७ छ। पाँच वर्षमुनिको बालमृत्युदर भने सबैभन्दा कम गण्डकी प्रदेशमा २० रहेको प्रतिवेदनमा उल्लेख छ।

स्वास्थ्य अधिकारकर्मीहरूले कर्णालीमा बजेट वृद्धि मात्र नभई सेवा प्रभावकारितामा जोड दिनुपर्ने बताएका छन्। स्थानीय तहसम्म दक्ष स्वास्थ्य जनशक्ति, पोषण कार्यक्रम, सुरक्षित प्रसूति सेवा र आकस्मिक उद्धार प्रणाली प्रभावकारी नबनाइए बालमृत्युदर घटाउन कठिन हुने उनीहरूको भनाइ छ।

सार्वजनिक तथ्यांकअनुसार महिला तथा बालबालिकासँग सम्बन्धित सामाजिक, स्वास्थ्य, शिक्षालगायतका सूचकहरू मिश्रित रहेको देखाएको छ। उक्त तथ्यांकमा आधारित नीति, योजना तर्जुमा तथा कार्यक्रमका लागि सार्वजनिक गरेको प्रदेशस्तरीय नेपाल बहुसूचक सर्वेक्षण नतिजाअनुसार कर्णालीमा बालमृत्यु, किशोरी प्रजनन्, बालविवाह, बालश्रम र कुपोषणजस्ता सूचक राष्ट्रिय औसतभन्दा उच्च छन्। भने जन्मदर्ता, पूर्वप्रसूति जाँच तथा संस्थागत प्रसूतिजस्ता क्षेत्रमा सुधार देखिएको छ।

नेपालमा महिला तथा बालबालिकाको अवस्थाबारे राष्ट्रिय तथा क्षेत्रीयस्तरको अनुगमन मूल्यांकन, योजना तर्जुमा एवं स्तरीय तथा तुलनायोग्य सूचनाहरू उपलब्ध गराउने उद्देश्यले बहुसूचक चौथो सर्वेक्षण गरिएको थियो।

यो सर्वेक्षणले संघ तथा प्रदेश सरकारका योजना तर्जुमा, नीति निर्माण तथा विकास कार्यक्रमको अनुगमनका लागि आवश्यक पर्ने तथ्यांकहरूको अपर्याप्ततालाई न्यून पार्नुका साथै अन्तर्राष्ट्रिय घोषणा, दिगो विकास लक्ष्यका सूचकको अनुगमन तथा बहुआयामिक गरिबी मापन गर्न ठोस योगदान पुग्ने

बाँकी पृष्ठ ४

अदालत प्रशासनप्रति नेपाल बारको आपत्ति, आन्दोलनका कार्यक्रम घोषणा



❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, ४ जेठ

नेपाल बार एसोसिएसन ले सर्वोच्च अदालत प्रशासनले संवैधानिक महत्वका रिट निवेदन दर्ता नगरी न्यायिक प्रक्रियामै अवरोध सिर्जना गरेको भन्दै आपत्ति जनाएको छ। बारले अदालत प्रशासनको यस्तो कार्यलाई 'समानान्तर न्याय प्रशासन'को अभ्यास भन्दै तत्काल अन्त्य गर्न माग गरेको छ।

बारका महासचिव वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइरालाद्वारा सोमबार जारी प्रेस विज्ञप्तिमा विगत केही समयदेखि सर्वोच्च अदालतमा दायर भएका संवैधानिक महत्वका रिट निवेदनहरू अदालत प्रशासनले दरपीठ गरी फर्काउने तथा त्यसविरुद्ध परेका निवेदनसमेत लामो समयसम्म दर्ता नगरेर न्यायमार्ग अवरुद्ध पारिएको उल्लेख गरिएको छ।

विज्ञप्तिअनुसार नेपालको संविधान, न्याय प्रशासन ऐन, २०७३ तथा सर्वोच्च अदालत नियमावली, २०७४ को व्यवस्था प्रयोग गर्दै कायममुकायम प्रधान न्यायाधीशले दरपीठविरुद्धको निवेदन दर्ता गर्न आदेश दिएको भए पनि अदालत प्रशासनले उक्त आदेशको समेत पालना नगरेको आरोप लगाइएको छ।

नेपाल बारले अदालत प्रशासनको यस्तो रवैयालाई 'असाधारण र अप्राकृतिक' भन्दै यसले न्याय प्रशासनको इतिहासमा गम्भीर प्रश्न उठाएको जनाएको छ। साथै अदालतमा विचाराधीन विषयमा संसद्मा छलफल गर्न नहुने संवैधानिक व्यवस्था हुँदाहुँदै प्रतिनिधि सभामा उक्त विषयमा भएको बहसप्रति पनि बारले आपत्ति जनाएको छ।

बारले संसद्मा व्यक्त गरिएका 'आवेश प्रेरित र दम्भमा आधारित अभिव्यक्ति'प्रति असन्तुष्टि जनाउँदै यस्ता अभिव्यक्ति संसदीय अभिलेखबाट हटाउन तथा भविष्यमा पुनः नदोहोरिने व्यवस्था गर्न सभामुखसमक्ष अनुरोध गरेको छ।

यसैबिच, नेपाल बार एसोसिएसनले आन्दोलनका कार्यक्रमसमेत घोषणा गरेको छ। बारले जेठ ५ गते दिउँसो १:१५ बजे बार प्राङ्गणमा लालटिन बालेर अदालत प्रशासनको कार्यशैलीविरुद्ध विरोध प्रदर्शन गर्ने जनाएको छ। साथै आगामी दिनमा सल्लाहकार र इकाइबाट प्राप्त सुझावका आधारमा थप कार्यक्रम सार्वजनिक गरिने उल्लेख गरिएको छ।

बारले न्याय, विवेक र स्वच्छ प्रक्रियाको पक्षमा उभिन सम्पूर्ण कानुन व्यवसायीलाई आन्दोलनमा सहभागी हुन आह्वान गरेको छ।

SOS CHILDREN'S VILLAGES

Vacancy announcement

एसओएस बालग्राम नेपाल अन्तर्गतका कार्यक्रम तथा परियोजना क्षेत्रहरूमा "**कार्यक्रम आवश्यकता अध्ययन** (Programme Needs Assessment)" कार्य सम्पन्न गर्नका लागि **गणकहरु** (Enumerators) को आवश्यकता भएकोले तोकिएको योग्यता पुगेका इच्छुक उम्मेदवारहरूबाट आवेदन आह्वान गरिन्छ। यस कार्यका लागि आवेदन दिन इच्छुक उम्मेदवारहरूले एसओएस बालग्राम सुर्खेत लाई सम्बोधन गरिएको निवेदन तथा तल उल्लेखित आवश्यक कागजातहरूसहित मिति २०८३ जेठ ११ गते (तदानुसार मे २५, २०२६) साँझ ५:०० बजेभित्र तल उल्लेख गरिएको कार्यालयमा आवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ।

पद	आवश्यक संख्या	शैक्षिक योग्यता	आवश्यक योग्यता तथा अनुभव
गणक	तीन (३)	कक्षा १२ उत्तिर्ण वा माथिल्लो तहमा अध्ययनरत	- नेपाली तथा अंग्रेजी भाषामा उत्कृष्ट सञ्चार क्षमता भएको साथै कम्प्युटर अनुप्रयोगमा दक्षता र ज्ञान भएको। - फिल्डमा आधारित सर्वेक्षण कार्यको अनुभव भएको। - स्थानीय भाषा बुझ्ने तथा बोल्न जान्ने। - KOBO Toolbox जस्ता एन्ड्रोइडमा आधारित डाटा संकलन अनुप्रयोगहरू प्रयोग गर्न जान्ने, वा अनुभव भएको। - दुर्गम क्षेत्रहरूमा यात्रा गर्न इच्छुक उम्मेदवारलाई प्राथमिकता दिइनेछ।

पारिश्रमिक तथा अन्य सुविधाहरू :

- फिल्ड कार्यमा परिचालित हुने अवधिका लागि दैनिक रु. ३,००० (कर सहित) प्रदान गरिनेछ। यसमा खाना तथा बसोबास खर्च समावेश हुनेछ।
- सञ्चार खर्चबापत एकमुष्ट रु. ५०० प्रदान गरिनेछ।
- ३० दिनसम्मको दुर्घटना बीमा सुविधा एसओएस बालग्रामले सुनिश्चित गर्नेछ।
- स्थानीय यात्राका लागि कार्यालयको सवारी साधन वा सार्वजनिक यातायातमार्फत व्यवस्था गरिनेछ।
- टाढा तथा दुर्गम क्षेत्रका लागि अतिरिक्त सुविधा उपलब्ध गराइनेछ।

उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको

आवेदन प्रक्रिया र संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरू :

- योग्यता पुगेका, इच्छुक उम्मेदवारहरूलाई निम्न कागजातहरू संलग्न गरी आवेदन दिन अनुरोध गरिन्छ।
- **निवेदन (Cover Letter) तथा Application Form**, अद्यावधिक Curriculum Vitae (CV), शैक्षिक प्रमाणपत्रहरूको प्रतिलिपि (नेपाल बाहिर अध्ययन गरेको भए सम्बन्धित सरकारी निकायबाट समकक्षता प्रमाण सहित), नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) कार्डको प्रतिलिपि, हालसालै खिँचिएको पासपोर्ट साइजको फोटो (२ प्रति), सम्पर्क ठेगाना र फोन नम्बर, आफूलाई राम्ररी चिन्ने र आफ्नो बारेमा जानकारी दिन सक्ने दुई जना व्यक्तिको नाम र फोन नम्बर।

नोट: Cover Letter र Application Form सम्बन्धित टेम्प्लेटहरू www.sosnepal.org.np/notice ***बाट डाउनलोड गर्न सकिनेछ वा तल उल्लेखित कार्यालय ठेगानाबाट पनि प्राप्त गर्न सकिनेछ।***

- आवेदन इमेल वा भौतिक रूपमा दुवै माध्यमबाट पेश गर्न सकिनेछ।
- इमेल मार्फत आवेदन पठाउँदा विषय (Subject) मा "Application for Enumerator - Programme Needs Assessment-Surkhet उल्लेख गर्नुपर्नेछ।
- आवेदन तोकिएको ठेगानामा मिति २०८३ जेठ ११ गते (तदानुसार मे २५, २०२६ तारिख), साँझ ५:०० बजेसम्म बुझाइसक्नु पर्नेछ।
- तोकिएको मिति र समयपछि प्राप्त हुने आवेदनहरू मान्य हुने छैनन् साथै, एउटै उम्मेदवारले एकभन्दा बढी पटक आवेदन पेश गरेमा आवेदन स्वतः रद्द हुनेछ।

एसओएस बालग्राम सुर्खेत
बीरेन्द्रनगर नगरपालिका वडा नं ४, कालागाँउ सुर्खेत
सम्पर्क नम्बर: ०८३-५२०३६६
Email address: cv.surkhet@sosnepal.org.np

सम्पादकीय


मिडियामाथिको नियन्त्रण बन्द गर !

नेपालको संविधानले प्रत्येक नागरिकलाई सुसूचित हुने हक र सञ्चारमाध्यमलाई पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको छ । लोकतन्त्रमा राज्यका सूचनाहरू नागरिकसम्म पुऱ्याउने मुख्य सेतुका रूपमा निजी सञ्चारमाध्यमले ऐतिहासिक भूमिका खेल्दै आएका छन् । तर, पछिल्लो समय सरकारले सरकारी विज्ञापन र सूचनाहरू केवल सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने निर्णय गरेको छ, यसले निजी सञ्चार माध्यममाथि 'अघोषित आर्थिक बहिष्करण' मात्रै सुरू भएको छैन, यसले नागरिकको सूचना पाउने दायरालाई समेत संकुचित बनाइदिएको छ । सरकारले विज्ञापनमा भइरहेको बेथिति र भ्रष्टाचार रोक्ने नाममा यो कदम चालेको दाबी गरेको छ । तर, यो तर्क आफैंमा विरोधाभासपूर्ण र हास्यास्पद छ । विज्ञापन वितरणमा यदि अनियमितता वा विचौलियाको चलखेल छ भने त्यसको समाधान संयन्त्रलाई पारदर्शी बनाउनु र दोषीलाई कारबाही गर्नु थियो ।

तर, घरभित्र चोर पस्यो भन्दैमा चोर समात्नुको साटो घरमै आगो लगाउने शैलीमा सिङ्गो निजी सञ्चार क्षेत्रलाई नै सूचना र विज्ञापनबाट वञ्चित गर्नुले सरकारको नियतमाथि गम्भीर प्रश्न उठाएको छ । के सरकार आफ्ना ठेक्कापट्टा र बोलपत्रका सूचनाहरू सीमित सरकारी माध्यममा मात्र राखेर आफ्ना निकट ठेकेदार र निश्चित वर्गलाई मात्र पोस्न चाहन्छ ? यो प्रश्न अहिले आम रूपमा उब्जिएको छ । लोकतान्त्रिक मुलुकमा नागरिकले आफूलाई मन पर्ने र पहुँचमा भएको जुनसुकै माध्यमबाट सूचना प्राप्त गर्न पाउनुपर्छ । सरकारी सूचनाका लागि नागरिकलाई एउटै ढोका (सरकारी सञ्चारमाध्यम) मा मात्र निर्भर बनाउनु उनीहरूको अधिकार खोस्नु सरह हो । समाचारका स्रोतहरू फरक हुन सक्छन्, तर, सार्वजनिक सरोकारका सूचना र विज्ञापनको स्रोतमा विभेद हुनु संविधानको मर्म विपरीत छ । विज्ञापन नियमन गर्ने ऐन, २०७६ र नियमावली २०७७ का विभिन्न प्रावधानहरूले स्पष्ट रूपमा विज्ञापनको उचित व्यवस्थापनको परिकल्पना गरेका छन् ।

साथै, संविधानको धारा १७, १८ र १९ ले दिएको अभिव्यक्ति स्वतन्त्रता र समानताको हकलाई सरकारको यो निर्णयले ठाडो चुनौती दिएको छ । मिडिया उद्योग केवल सूचनाको संवाहक मात्र होइन, यो एउटा ठूलो आर्थिक चक्र पनि हो । सरकारी विज्ञापन र सूचनामा लगाइएको यो बन्देजले निजी मिडिया मात्र होइन, यससँग जोडिएका मुद्रण, कुरियर, हकर व्यवसायदेखि आन्तरिक रोजगारीसम्मलाई प्रत्यक्ष असर पार्ने निश्चित छ । यसले पत्रकारिता अध्ययन गरिरहेको नयाँ पुस्तामा समेत नैराश्यता पैदा गर्नेछ । सुशासनको दुहाइ दिएर सत्तामा पुगेको सरकारले भ्रष्टाचार निर्मूल पार्न तर्फ लाग्नुपर्नेमा उल्टै स्वतन्त्र प्रेसको घाँटी निमोठ्ने कार्यमा लाग्नु बिडम्बनापूर्ण छ । प्रेस स्वतन्त्रतालाई आर्थिक रूपमा कमजोर बनाएर मात्र नियन्त्रण गर्न सकिन्छ भन्ने सरकारको यो सोच तानाशाही प्रवृत्तिको उपज हो । सरकारले यो विभेदकारी निर्णय तत्काल सच्याउनुपर्छ । विज्ञापनमा रहेको अनियमितता रोक्न विचौलिया तन्त्रको अन्त्य गरियोस्, तर सूचनाको हक र प्रेस स्वतन्त्रताको संकुचन गरेर लोकतन्त्रको उपहास नगरियोस् । स्वतन्त्र प्रेसमाथिको हस्तक्षेपले लोकतन्त्र बलियो बन्न सक्दैन । विज्ञापनका नाममा भइरहेको बेथिती रोक्न सरकारले नियमनको बाटो रोज्ने हो, नियन्त्रण होइन । यो विषय अहिले सम्मानित सर्वोच्च अदालत पुगेको छ । आशा गरौं अदालतले संवैधानिक व्यवस्थाको रक्षा गर्नेछ ।

गोप्य मतदानमै घात गर्ने कार्यकर्ता किन चाहियो ?



नेपाली राजनीतिको इतिहासले समय-समयमा दलहरूलाई आत्मसमीक्षा गर्न बाध्य पारेको छ । जब जनताले पुरानो शैली, पुराना सोच र नेतृत्वप्रति असन्तुष्टि व्यक्त गर्छन्, तब दलहरूले आफ्नो नीति, नेतृत्व र संगठनलाई पुनर्संरचना गर्नुपर्ने आवश्यकता स्पष्ट रूपमा देखिन्छ ।

गत भदौ २३ र २४ को जेञ्जी आन्दोलनपछि देशको राजनीतिक परिस्थितिले समाएको बाटोले नेपाली कांग्रेसभित्र पनि नयाँ नीति र नेतृत्वको आवश्यकता औंल्यायो । नेपाली कांग्रेसभित्र विशेष महाधिवेशन मागेर बसेको ठूलो युवा तप्काले पनि लगत्तै परिस्थितिको गम्भीरता बुझेर विशेष महाधिवेशन मार्फत नीति र नेतृत्व परिवर्तन गऱ्यो ।

यसले कांग्रेसको समयअनुसार आत्म समीक्षा गर्न सक्ने एउटा महत्त्वपूर्ण विशेषता आम कार्यकर्ता र जनताले देख्न र बुझ्न पाए । अहिले पनि त्यही ऐतिहासिक चेतना आवश्यक छ । वर्तमान नेतृत्वका सबै धारहरू, चाहे देउवा पक्ष होस् वा शेखर पक्ष, सबैले संगठनको वास्तविक अवस्थालाई इमानदारीपूर्वक बुझ्नुपर्ने बेला आएको छ ।

नीति र नेतृत्व त परिवर्तन भयो तर त्यसले परिपक्वता देखाउन नपाउँदा आएको फाल्गुन २१ को चुनावी परिणामले अर्को गम्भीर प्रश्न उठाएको छ ।

नेपाली कांग्रेससँग ठूलो संख्यामा क्रियाशील सदस्य हुँदाहुँदै निर्वाचनमा पार्टीको चुनाव चिन्ह 'रुख' ले अपेक्षाकृत कम मत किन प्राप्त गऱ्यो ? कैयौं स्थानमा क्रियाशील सदस्य संख्या भन्दा कम मत किन आयो ?

यसले विभिन्न गम्भीर संकेत गरेको छ । कतिपय क्रियाशील सदस्यले पार्टीलाई मत नै दिएनन् । केही सदस्य निष्क्रिय बसेका छन् । निर्वाचनमा कुनै प्रचार प्रसार वा पार्टीलाई विजयी बनाउने कुनै काम नै गरेनन् । केही सदस्य त केवल कागजी रूपमा मात्र छन् भने केही दोहोरो वा विवादित सदस्य रहेका हुन सक्छन् ।

पार्टी परित्याग गरी अन्य दलमा सक्रिय भइसकेकाहरू समेत अझै कांग्रेसको क्रियाशीलको सूचीमा हुन सक्छन् । मतदान गोप्य हुन्छ, तर राजनीतिक सन्देश स्पष्ट हुन्छ ।

कसले रुखमा मत दियो र कसले अन्तै दियो भन्ने कुरा गोप्य मतदानका कारण औपचारिक रूपमा पहिचान गर्न सकिँदैन । तर समग्र परिणामले संगठनको स्वास्थ्यबारे स्पष्ट संकेत गरेको छ । कागजमा सदस्य धेरै हुनु मात्र पर्याप्त हुँदैन । वास्तविक रूपमा पार्टी प्रति प्रतिबद्ध, सक्रिय र वैचारिक रूपमा निष्ठावान सदस्य आवश्यक हुन्छन् ।

१५औं महाधिवेशनको तयारीसँगै सदस्यता नवीकरणको प्रक्रिया धेरै हदसम्म अगाडि बढिसकेको अवस्थामा पनि चुनावी परिणामले संगठनको आधार माथि प्रश्न उठाइसकेपछि त्यसलाई सम्बोधन गर्न आवश्यक पर्छ ।

त्यसैले सदस्यताको पुनः परीक्षण, वास्तविक सक्रिय सदस्यको पहिचान, निष्क्रिय सदस्यको छानबिन,अन्य दलमा गएकाहरूको नाम हटाउने, केवल आन्तरिक अधिवेशन प्रभावित गर्न बनाइएका सदस्यता खारेज गर्ने जस्ता कदम अत्यावश्यक देखिएको हो ।

'जरा अभियान' को सार संगठनको जरो बलियो बनाउनु हो। यसको उद्देश्य कसैलाई अनावश्यक रूपमा निशाना बनाउनु भने होइन । यसले त पार्टीलाई शुद्ध बनाउन मद्दत गर्छ । सदस्यतालाई विश्वसनीय बनाउछ अनि आन्तरिक लोकतन्त्रलाई सुदृढ पनि गर्छ ।

अब हुने महाधिवेशन हामीले चाहेको जस्तो एकताको महाधिवेशन हुने कुरामा कुनै सन्देह छैन । हामी पूर्वाग्रह रहित भएर यसलाई निष्पक्ष र प्रतिनिधिमूलक बनाउन आजैदेखि लाग्नु आवश्यक छ । यदि कुनै सदस्यले लगातार पार्टी विरुद्ध काम गरिरहेको छ, अर्को दलमा सक्रिय छ वा केवल अवसरका लागि नाम राखेको छ भने त्यस्ता सदस्यलाई पुनर्मूल्यांकन गर्नु स्वाभाविक संगठनात्मक प्रक्रिया हो ।

संगठनको बल सदस्यताको कागजी संख्याले मात्र निर्धारण हुँदैन। वास्तविक शक्ति समर्पित, वैचारिक रूपमा स्पष्ट र सक्रिय सदस्यबाट आउँछ । 'थोरै होस्, तर असली र खाँटी होस्' भन्ने दृष्टिकोणले संगठनलाई विश्वसनीय बनाउँदै नेतृत्व चयन प्रक्रियालाई स्वच्छ बनाउँछ । जनतासँगको सम्बन्धलाई मजबुत बनाउँछ ।

यदि हाम्रो उद्देश्य पार्टीलाई बलियो बनाउने, सदस्यता शुद्धिकरण र आन्तरिक लोकतन्त्र सुदृढ गर्ने हो भने यस्तो अभियानको विरोध गर्नुको सट्टा सबै पक्षले यसलाई सहयोग गर्नु उपयुक्त हुन्छ । संगठन शुद्धीकरण कुनै गुट विशेषको स्वार्थ होइन । यो पार्टीको दीर्घकालीन हितसँग सम्बन्धित विषय हो ।

फागुन २१ को निर्वाचनको परिणामले नेपाली कांग्रेसलाई एउटा स्पष्ट सन्देश दिएको छ । कागजी सदस्यता भन्दा वास्तविक निष्ठा महत्त्वपूर्ण छ । १५ औं

महाधिवेशन अघि सदस्यता अद्यावधिक र छानबिन गर्नु समयको माग हो ।

जो पार्टीसँग छन्, तिनलाई सम्मानपूर्वक संगठित गरौं । जो पार्टीबाट अलग भइसकेका छन्, तिनको स्थिति स्पष्ट गरौं र जो केवल आन्तरिक समीकरणका लागि जोडिएका छन्, तिनबारे निष्पक्ष निर्णय गरौं।

(लेखक कांग्रेसका महाधिवेशन प्रतिनिधि हुन् ।)

पानी अभावले कष्टकर बन्दै मान्म बजार

❐ काँक्रेविहार संवाददाता

कालीकोट, ४ जेठ

जिल्लाको सदरमुकाम मान्म बजारमा हरेक वर्षजस्तै यस वर्ष पनि खानेपानीको गम्भीर समस्या देखिएको छ ।

कमजोर व्यवस्थापन, असमान वितरण प्रणाली तथा पर्याप्त मुहानको अभावका कारण बजार क्षेत्रमा पानीको हाहाकार मच्चिएको स्थानीयवासीले बताएका छन् ।

स्थानीयका अनुसार सडक विस्तारका क्रममा तथा वन क्षेत्रतर्फ जाने केही बासिन्दाले पानीका पाइपलाइन काटिदिने समस्याले समेत पानी आपूर्तिमा अवरोध हुँदै आएको छ ।

सदरमुकामजस्तो संवेदनशील क्षेत्रमा खानेपानी व्यवस्थापनको जिम्मा लिएको निकाय प्रभावकारी नबन्दा उपभोक्ताले वर्षौंदेखि सास्ती भोग्नुपरेको गुनासो गरेका छन् ।



खानेपानी संकट चर्किएपछि मान्म बजारका उपभोक्ताले समस्या समाधानको माग गर्दै खाँडाचक्र नगरपालिकामा ज्ञापनपत्र बुझाएका छन् । उपभोक्ता नन्दबहादुर शाहीको नेतृत्वमा पुगेको टोलीले शुक्रबार प्रमुख प्रशासकीय अधिकृत सुरेशराज जोशीलाई ज्ञापनपत्र हस्तान्तरण गरेको हो । उपभोक्ताले जिल्ला प्रशासन कार्यालयमा समेत ध्यानाकर्षण गराए पनि हालसम्म समस्या समाधानतर्फ कुनै ठोस पहल नभएको आरोप लगाएका छन् ।

जहाँ गुहार मागे पनि सुनुवाइ भएन, पानीको समस्या झन् बढ्दै गएको छ, स्थानीय उपभोक्ताले बताएका छन् ।

सहकारीका साना बचतकर्ताको रकम फिर्ता सुरू

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, ४ जेठ

सरकारले समस्याग्रस्त सहकारीका साना बचतकर्ताको रकम फिर्ता सुरु गरेको छ ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले आज ३ वटा सहकारीका ३ सय ७८ जना साना बचतकर्ताको रकम फिर्ता गरेको हो ।

समितिका अनुसार कान्तिपुर सहकारीका २ सय १५, शिव शिखर बहुउद्देश्यीय सहकारीका १ सय ५६ जना र पशुपति सहकारी ७ जना साना बचतकर्ताले बचत फिर्ता पाएका हुन् ।

समितिका अनुसार आज पहिलो दिन थोरै बचत रकम भएका बचतकर्ताहरूलाई रकम फिर्ता गरिए पनि अब क्रमश बचतकर्ताको रकमका आधारमा वर्गीकरण गरेर फिर्ता गरिने छ ।



समितिका अनुसार समस्याग्रस्त सहकारीका करिब ७६ हजार बचतकर्ताहरूको करिब ४६ अर्ब रुपैयाँ बचत फिर्ता गर्नुपर्ने छ । तीमध्ये अधिकांश साना बचतकर्ता रहेका छन् ।

पाँच लाखभन्दा कम रकम बचतकर्तालाई साना बचतकर्ता र पाँच लाखभन्दा बढी रकम बचतकर्तालाई ठुला बचतकर्ताका रूपमा वर्गीकरण गरिएको छ । कूल ७६ हजारमध्ये पाँच लाखभन्दा बढी बचत गर्ने जम्मा १८ हजार रहेको समितिले जनाएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रतिभा रावलले बचत फिर्ताका लागि सहकारीहरूको ऋण असुल्ने काम समेत तीव्र रूपमा भइरहेको बताइन् । उनका अनुसार समस्याग्रस्त सहकारीका ऋणहरूको नाममा सार्वजनिक भएपछि अहिले ऋणीहरूले ऋणी फिर्ता गर्न लागेका छन् ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अनुसार अहिले समस्याग्रस्त सहकारीका ऋणीहरूले २ करोड भन्दा बढी ऋण फिर्ता गरेका छन् ।

ऋणी असुली र बचत फिर्ता सँगसँगै अघि बढ्ने समितिले जनाएको छ ।

सीमापारी व्यापार ७५ प्रतिशतले घट्यो



काँक्रेविहार संवाददाता

नेपालगञ्ज, ४ जेठ

नेपाल सरकारले भारतबाट सय रुपियाँभन्दा बढी मूल्यका सामान ल्याउँदा भन्सार महसुल तिर्नुपर्ने नियम कडाइका साथ लागू गरेपछि सीमापार व्यापार व्यवसाय उल्लेख्य रूपमा घटेको छ।

नेपालगन्जको जमुनाहा नाकापारि रहेको रुपैडिहा उद्योग व्यापार प्रतिनिधि मण्डल (बहराइच) ले नेपाल सरकारले लागू गरेको नयाँ भन्सार नीतिका कारण नेपाल-भारत सीमा क्षेत्रको व्यापार ७५ प्रतिशत सम्म घटेको जनाउँदै नीति पुनरावलोकन गर्न माग गरेको छ।

रुपैडिहा उद्योग व्यापार प्रतिनिधि मण्डलले सय रुपियाँभन्दा बढी मूल्यका सामानमा गरिएको कडाइका कारण रुपैडिहामा व्यापारिक सङ्कट उत्पन्न भएको भन्दै जिल्ला प्रशासन बहराइचमार्फत भारत सरकारलाई ध्यानाकर्षण पत्र बुझाएको छ।

मण्डलका नगर अध्यक्ष शैलेश जायसवालले जिल्ला अधिकारीलाई बुझाएको पत्रमा नेपाल सरकारले एक सय रुपियाँभन्दा बढी मूल्यका सामानमा भन्सार शुल्क कडाइका साथ लागू गरेपछि सीमावर्ती बजार रुपैडिहा तथा आसपासका व्यापारीहरू प्रभावित भएको उल्लेख गरिएको छ।

उनका अनुसार पहिले दैनिक उपभोग्य सामग्रीमा सहज आवतजावत भए पनि अहिले चामल, चिनी, तेल, औषधी तथा तरकारीजस्ता वस्तुमा समेत कडाइ गरिएकोले सीमापार व्यापार ७५ प्रतिशतसम्म घटेको छ।

मण्डलले नेपाल सरकारको नीतिका कारण भारतीय व्यापारीहरू आर्थिक रूपमा प्रभावित भएको तथा दुवै देशबिचको व्यापारिक सम्बन्धमा असर परेको जनाएको छ। पत्रमा सीमामा सशस्त्र प्रहरीद्वारा कडाइ गरिएको र त्यसले सर्वसाधारण तथा व्यापारीमा असहजता बढाएको पनि उल्लेख गरिएको छ।

मण्डलले भारत सरकारलाई यस विषयमा पहल गरी एक सय रुपियाँभन्दा बढीका सामानमा गरिएको कडाइ खुकुलो बनाउन आग्रह गरेको छ।

साथै सीमा क्षेत्रको पुरानो व्यापारिक तथा सामाजिक सम्बन्ध कायम राख्न दुवै पक्षले समाधान खोज्नुपर्नेमा जोड दिइएको छ।

नाकामा कडाइपछि बाँके, बर्दिया र दाङबाट रुपैडिहा किनमेल गर्न जानेको संख्या पनि घटेको छ। यसले सीमापार व्यापार घट्नुका साथै सीमावर्ती नेपाली बजारमा व्यापार बढेको नेपालगन्ज उद्योग वाणिज्य संघले जनाएको छ।

संघका अध्यक्ष टंक धामीले नाकामा गरिएको कडाइलाई निरन्तरता दिनुपर्ने बताए। उनका अनुसार कडाइका कारण नेपालगन्ज र कोहलपुर मात्र नभई पहाडी जिल्लाका बजारसमेत चलायमान हुन थालेका छन्।

स्थानीय तह पुनर्संरचनामा नयाँ व्यवस्था ल्याइँदै



काँक्रेविहार संवाददाता

हुम्ला, ४ जेठ

सरकारले आगामी स्थानीय तह निर्वाचनअघि स्थानीय तहको सङ्ख्या र सिमाना हेरफेर गर्न सकिने कानुनी व्यवस्था संशोधन गर्ने तयारी गरेको छ।

हालको स्थानीय सरकार सञ्चालन ऐनमा निर्वाचन हुनुभन्दा एक वर्षअगाडि मात्र सिमाना तथा संरचना हेरफेर गर्न सकिने व्यवस्था भए पनि त्यसलाई संशोधन गरी छ महिनाअघि नै गर्न सकिने बनाउने तयारी गरिएको हो।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार आगामी वर्ष हुने स्थानीय तह निर्वाचनलाई लक्षित गर्दै ऐन संशोधनको प्रस्तावित विधेयकको मस्यौदा छिट्टै सार्वजनिक गरी राय-सुझाव संकलन गरिनेछ।

मन्त्रालयले निर्वाचन आयोग, नापी विभाग र गृह मन्त्रालयसँग समेत प्रारम्भिक छलफल गरिसकेको छ। मन्त्रालयका उपसचिव दीपक ढकालका अनुसार स्थानीय तहको सङ्ख्या, सिमाना तथा वडाको विवाद समाधान गर्न समयानुकूल व्यवस्था आवश्यक भएकाले ऐन संशोधन प्रक्रिया अघि बढाइएको हो।

हाल देशभरका एक सय दुई स्थानीय तहमा अझै पनि सिमाना विवाद कायम रहेको र त्यसका कारण सेवा प्रवाह प्रभावकारी हुन नसकेको मन्त्रालयले जनाएको छ।

भौगोलिक, जनसाङ्ख्यिक तथा प्रशासनिक दृष्टिले असन्तुलित संरचनाका कारण सेवाग्राहीले समस्या भोग्नुपरेको बताइएको छ।

प्रस्तावित मस्यौदामा गाउँपालिका, नगरपालिका तथा वडाको सङ्ख्या पुनरावलोकन, एकीकरण तथा वर्गीकरणका आधार पनि समेटिनेछन्।

स्थानीय तहले दुई तिहाइ बहुमतले प्रस्ताव पारित गरी प्रदेश सरकारमार्फत संघीय सरकारमा पठाउनुपर्ने व्यवस्था कायम रहनेछ।

पुनर्संरचनाका लागि जनसङ्ख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार, आर्थिक क्षमता, प्राकृतिक स्रोत, भाषिक तथा सामाजिक संरचना जस्ता आधारहरूलाई प्रमुख मानकका रूपमा लिइने मन्त्रालयले जनाएको छ। त्यस्तै नागरिक सेवामा पहुँच, बस्ती विकास, सहरीकरण, यातायात सुविधा तथा जलस्रोतको उपयोग जस्ता पक्षलाई समेत ध्यानमा राखी स्थानीय तह पुनर्संरचना गर्ने तयारी गरिएको छ।

सडक निर्माण वर्षौंदेखि अलपत्र

काँक्रेविहार संवाददाता

कैलाली, ४ जेठ

भजनी नगरपालिकामा आर्थिक वर्ष २०७९/८० मा निर्माण सुरु गर्ने भनिएका दुई वटा चार लेन सडक अझैसम्म सम्पन्न हुन सकेका छैनन्। पटक-पटक म्याद थप हुँदासमेत निर्माण कार्य अलपत्र परेको हो।

भजनी नगरपालिका तिनको पडरीया चोक हुँदै ठेकीपुर हुलाकी राजमार्गसँग जोडिने ५५ मिटर सडक सुदूरपश्चिम प्रदेश सरकारको समपूरक अनुदानमा निर्माण गर्ने योजना थियो। प्रदेश सरकार र स्थानीय तहको समान रु ६६/६६ लाख गरी कुल रु एक करोड ३२ लाख लागतमा ठेक्का आह्वान गरिएको थियो।

सम्झौता अनुसार सडक २०८० असारभित्र निर्माण सम्पन्न हुनुपर्ने भए पनि हालसम्म काम पूरा भएको छैन। चार पटकसम्म म्याद थप गरिएको उक्त सडकको पछिल्लो म्याद चालु आर्थिक वर्षको असार १५ गतेसम्म कायम छ।

काम अघि नबढेपछि प्रदेश सरकारको अनुदानसमेत फिर्ता भएको नगरपालिकाले जनाएको छ। नगरपालिकाका इन्जिनियर अजय डगौराले निर्माण कम्पनीलाई पटक-पटक ताकेता गर्दा पनि काम नभएको बताए।

कार्यपालिकाबाट लगातार म्याद थप भएकाले कारबाही प्रक्रिया अघि बढाउन कठिन भएको उनको भनाइ छ। यसपटक भने अन्तिम अवसर दिइएको उनले बताए।

उक्त सडक निर्माणको जिम्मा काफली कन्स्ट्रक्सनले पाएको थियो। चालु आर्थिक वर्षमा नगरपालिकाले आफ्नै स्रोतबाट १७ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। तर निर्माण कम्पनी हाल नगरपालिकाको सम्पर्कमा समेत नरहेको इन्जिनियर डगौराले जानकारी दिए।

काफली कन्स्ट्रक्सनका सञ्चालक शङ्कर शर्माले भने ठेक्का आफ्नो कम्पनीले पाए पनि निर्माण कार्य तेस्रो पक्ष ज्ञानुलाभलाई जिम्मा दिइएको र उनले काम नगरेको बताए। अब एक साताभित्र आफैंले काम सुरु गर्ने उनले दाबी गरे।

यस्तै, सङ्घीय सरकारको ५० लाख र स्थानीय सरकारको ५० लाख गरी कुल एक करोड रुपैयाँ लागतमा भजनी नगरपालिका तिन ठेकीपुर हुँदै भजनी बजार जोड्ने एक सय ३० मिटर सडक कालोपत्रे गर्ने योजना पनि अधुरै रहेको छ।

बिएण्डबी कन्स्ट्रक्सनले २०८१ जेठ २४ गते उक्त सडक निर्माणको जिम्मा पाएको थियो। सम्झौताअनुसार २०८२ असार २० गतेभित्र काम सम्पन्न हुनुपर्ने भए पनि अनुदान रकम पूर्ण रूपमा खर्च हुन सकेन। त्यसपछि नगरपालिकाले आफ्नै स्रोतबाट ११ लाख रुपैयाँ बजेट छुट्याएर मड्सिरभित्र काम सक्ने गरी म्याद थप गरेको थियो। पछि पुनः पुसमा अर्को म्याद थपिए पनि हालसम्म निर्माण कार्य पूरा हुन सकेको छैन।

अधिकांश योजना निर्माणको अन्तिम चरणमा



काँक्रेविहार संवाददाता

जुम्ला, ४ जेठ

तातोपानी गाउँपालिका चारमा चालु आर्थिक वर्षअन्तर्गत सञ्चालन भइरहेका विभिन्न विकास योजनाको दोस्रो चरणको अनुगमन गरिएको छ।

वडा नम्बर चार का नियापानी, गिडिखोला, पत्थेनी, हाँकु, जैतपुर र गौतमवाडा क्षेत्रमा सञ्चालन भएका योजनाको स्थलगत निरीक्षण गर्दै अनुगमन समितिले प्रगति मूल्याङ्कन गरेको हो।

चालु आर्थिक वर्षमा तीन लाखदेखि ४० लाख रुपैयाँसम्मका पूर्वाधार तथा विकास योजनाहरू सञ्चालनमा रहेका छन्।

वडा कार्यालयका अनुसार समानिकरण बजेटअन्तर्गत १७ वटा योजना सञ्चालनमा छन् भने मुख्यमन्त्री रोजगार कार्यक्रमअन्तर्गत एक वटा र प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत २ वटा योजना कार्यान्वयन भइरहेका छन्।

त्यसैगरी प्रदेश सरकारको सशर्त अनुदानमार्फत तिन वटा, प्रदेश सरकार मातहतका विषयगत कार्यालयमार्फत चार वटा तथा सामाजिक संघसंस्थाको सहयोगमा एक वटा योजना सञ्चालन गरिएको छ।

वडाध्यक्ष अमरबहादुर रोकायाका अनुसार वैशाख २९ गतेसम्म छ वटा योजना पूर्ण रूपमा सम्पन्न भइसकेका छन्। त्यस्तै, १० वटा योजनाको निर्माण कार्य करिब ७० प्रतिशत सम्पन्न भएको छ भने छ वटा योजनामा आधाभन्दा बढी काम सकिएको अवस्था रहेको छ।

हालै सम्झौता सम्पन्न भई कार्य प्रारम्भ भएका ३ वटा योजना पनि निर्माण चरणमा प्रवेश गरिसकेका छन्। उनका अनुसार विभिन्न प्राविधिक तथा प्रशासनिक कारणले दुई वटा योजनाको सम्झौता प्रक्रिया भने अझै पूरा हुन सकेको छैन।

कुल योजनामध्ये २४ वटा योजना उपभोक्ता समितिमार्फत सञ्चालन गरिएका छन् भने तिन वटा योजना बोलपत्र प्रक्रियाबाट कार्यान्वयनमा ल्याइएको छ।

अनुगमनका क्रममा निर्माणको गुणस्तर, समयसीमा, बजेट कार्यान्वयन तथा स्थानीय सहभागिताबारे समेत समीक्षा गरिएको वडा कार्यालयले जनाएको छ।

निर्माण सम्पन्न भएका योजनाका उपभोक्ता समितिलाई आवश्यक कागजातसहित समयमै भुक्तानी प्रक्रिया अघि बढाउन वडा कार्यालयले आग्रह गरेको छ।

वडाध्यक्ष रोकायाले बिल भर्पाइ, डोरहाजिर, सार्वजनिक सुनुवाइ प्रतिवेदन, योजनाको कलर फोटो, उपभोक्ता समितिको निर्णय तथा भुक्तानी सिफारिसका लागि निवेदनसहित वडा कार्यालयमा सम्पर्क गर्न सकिने जानकारी दिए।

त्यस्तै, निर्माणाधीन योजनाहरू सम्झौतामा तोकिएको समय सीमाभित्र सम्पन्न गर्न र कार्य सम्पन्न भएपछि अनुगमन तथा मूल्याङ्कनका लागि वडा कार्यालयलाई जानकारी गराउन पनि आग्रह गरिएको छ।

स्थानीयस्तरमा सञ्चालन भइरहेका योजनाको प्रभावकारी कार्यान्वयन र पारदर्शिता सुनिश्चित गर्न नियमित अनुगमनलाई निरन्तरता दिइने वडा कार्यालयले जनाएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

डोल्पामा सहकारी व्यवस्थापन तालिम हुँदै

काँक्रेविहार संवाददाता
डोल्पा, ४ जेठ

जिल्लाको त्रिपुरासुन्दरी नगरपालिकाले पालिकाभित्र सञ्चालनमा रहेका सबै सहकारी संस्थालाई कोपोमिस (CoPoMIS) प्रणाली सम्बन्धी तालिम दिने भएको छ। सहकारीहरूको व्यवस्थापनलाई व्यवस्थित, पारदर्शी र जवाफदेही बनाउने उद्देश्यसहित उक्त तालिम आयोजना गर्न लागिएको नगरपालिकाले जनाएको छ।

नगरपालिकाले सूचना जारी गर्दै पालिकाभित्र रहेका धेरै सहकारी संस्थाहरू दर्ता नवीकरण नगरेको तथा समयमै अद्यावधिक नभएको पाइएको उल्लेख गरेको छ। यस्तो अवस्थाले सहकारी क्षेत्रको अभिलेख व्यवस्थापन कमजोर



बनेको र वित्तीय तथा संस्थागत पारदर्शितामा चुनौती देखिएको भन्दै सुधारका लागि तालिम सञ्चालन गर्न लागिएको हो।

सूचना अधिकारी हेमन्त शाहीका अनुसार नगरपालिकामा दर्ता भएका तथा अन्य निकायमा दर्ता भई पछि त्रिपुरासुन्दरी नगरपालिकामा हस्तान्तरण भएका सबै सहकारी संस्थालाई कोपोमिस प्रणालीमा आबद्ध गराउने मुख्य उद्देश्य राखिएको छ।

यस प्रणालीमार्फत सहकारीहरूको तथ्यांक व्यवस्थापन, अनुगमन तथा सुशासनलाई प्रभावकारी बनाउन सकिने अपेक्षा गरिएको छ।

नगरपालिकाले सहकारी सुशासन कायम गर्नका लागि सबै सहकारी संस्थाका पदाधिकारीलाई तालिममा अनिवार्य रूपमा सहभागी हुन आग्रह गरेको छ। विशेषगरी अध्यक्ष र सचिवको उपस्थिति अनिवार्य गरिएको छ। तालिम जेठ पाँच र छ गते बिहान १० बजेदेखि नगरपालिकाको सभा हलमा सञ्चालन हुने कार्यक्रम तय गरिएको छ।

दुई दिने तालिममा सहकारी संस्थाहरूलाई कोपोमिस प्रणालीको प्रयोग, अभिलेख व्यवस्थापन, नियमित प्रतिवेदन तयारी तथा पारदर्शी वित्तीय अभ्यासका विषयमा जानकारी दिइनेछ।

नगरपालिकाका अनुसार सहकारी क्षेत्रलाई व्यवस्थित बनाउन स्थानीय तहको भूमिकालाई सशक्त बनाउँदै दीगो संस्थागत विकास गर्ने लक्ष्यसहित यस्तो कार्यक्रम अघि बढाइएको हो।

सहकारी संस्थाको दर्ता, नवीकरण र अभिलेख अद्यावधिक प्रक्रियालाई नियमित बनाउन समेत तालिमले सहयोग पुग्ने अपेक्षा गरिएको छ।

कर्णालीमा...

विश्वास गरिएको छ।

सर्वेक्षणमा शिक्षा, मातृ तथा नवजात शिशु स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सुरक्षा र विभेद, मानसिक स्वास्थ्यलगायत अन्य सामाजिक क्षेत्रका विविध विषयसँग सम्बन्धित तथ्यांक संकलन गरिएको राष्ट्रिय तथ्यांक कार्यालय सुर्खेतका प्रमुख विनोद आचार्यले बताए।

उनका अनुसार सर्वेक्षणमा तथ्यांक संकलन गर्न नेपालभर पाँच सय ४० क्लस्टर (गणना क्षेत्र) मध्ये शहरी क्षेत्रबाट तीन सय चार र ग्रामीण क्षेत्रबाट दुई सय ३६ क्लस्टर छनोट गरिएको थियो। यसरी छनोट भएका हरेक क्लस्टरबाट गणना गर्न २४ घरपरिवार छनोट भएका थिए। यसरी छनोट गरिएका जम्मा १२ हजार नौ सय ६० घरपरिवारबाट पारिवारिक विवरण संकलन गरिएको आचार्यले बताए।

जसमा प्रत्येक घरपरिवारमा भएका १५-४९ वर्ष उमेर समूहका महिला, १५-४९ वर्ष उमेर समूहका पुरुष, ५-१७ वर्ष उमेर समूहका बालबालिका तथा पाँच वर्षमुनिका बालबालिकाको विवरण संकलन गरिएको थियो। साथै बाल पोषणको स्थिति अवगत गर्न तौल तथा उचाइ पनि मापन गरिएको छ। पहिलोपटक १५-२४ वर्ष उमेर समूहका किशोरकिशोरीको मानसिक स्वास्थ्यसम्बन्धी विवरणसमेत संकलन गरिएको उनले बताए। साथै छनोटमा परेका घरपरिवारहरूको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने पिउने पानीमा रहेका हानिकारक जीवाणु ई-कोली तथा आर्सेनिकको स्थलगत परीक्षणसमेत गरिएको थियो।

कुपोषणको समस्या गम्भीर

कर्णालीमा

उमेरअनुसार तौल कम भएका बालबालिका (लिखुरे) २० प्रतिशत तथा उमेरअनुसार उचाइ कम भएका बालबालिका (पुडको) ३६.६ प्रतिशत रहेको तथ्यांकले देखाएको छ। राष्ट्रिय रूपमा यस्तो दर क्रमशः १६.९ र २६.२ प्रतिशत छ।

उचाइअनुसार तौल कम भएका बालबालिका (ख्याउटे) कर्णालीमा ५.३ प्रतिशत तथा उचाइअनुसार तौल बढी भएका बालबालिका ३.९ प्रतिशत छन्। सर्वेक्षणअनुसार कर्णालीमा ७१.६ प्रतिशत आमाले शिशुलाई जन्मेको ६ महिनासम्म केवल आमाको दूध खुवाउने गरेका छन्। जीवनको पहिलो वर्षभित्र आधारभूत खोप प्राप्त गर्ने १२-२३ महिना उमेर समूहका बालबालिकाको प्रतिशत कर्णालीमा ८१.६ छ, जबकि राष्ट्रिय दर ८९.४ प्रतिशत रहेको तथ्यांकले देखाउँछ।

यस्तै सर्वेक्षणअघिको दुई हप्तामा कर्णालीका ११.१ प्रतिशत बालबालिकालाई झाडापखाला लागेको देखिएको छ। तीमध्ये २८.२ प्रतिशतले पुनर्जलीय झोलसँगै जिंक चक्की पाएका छन्। श्वासप्रश्वासका लक्षण भएका पाँच वर्षमुनिका बालबालिकाको प्रतिशत कर्णालीमा ४.४ छ, जबकि राष्ट्रियस्तरमा यो दर २.७ प्रतिशत छ।

त्यस्तै ३६-५९ महिनाका ४८.८ प्रतिशत बालबालिका प्रारम्भिक बाल शिक्षा कार्यक्रममा सहभागी हुने गरेका छन्। प्रारम्भिक बाल विकास सूचकांक कर्णालीमा ५०.९ प्रतिशत छ भने राष्ट्रियस्तरमा ६३.३ प्रतिशत रहेको तथ्यांकले देखाउँछ विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत भने कर्णालीमा राष्ट्रिय दरभन्दा कम देखिएको छ।

कक्षा १-५ मा ३.७ प्रतिशत, कक्षा ६-८ मा ३ प्रतिशत तथा कक्षा ९-१२ मा १०.५ प्रतिशत बालबालिका विद्यालय बाहिर छन्। कक्षा १ मा भर्ना हुने उमेरका बालबालिकामध्ये कर्णालीमा ५२.५ प्रतिशत विद्यालय भर्ना भएका छन्, जुन राष्ट्रिय दर ४१.२ प्रतिशतभन्दा बढी हो।

सर्वेक्षणअघिको दुई हप्तामा डिप्रेसन वा चिन्ताका लक्षण अनुभव गर्ने १५-२४ वर्ष उमेर समूहका किशोरकिशोरी कर्णालीमा ११.५ प्रतिशत छन्। राष्ट्रियस्तरमा यस्तो दर ९.३ प्रतिशत छ।

आत्महत्याको सोच आउने किशोरकिशोरीको प्रतिशत कर्णालीमा १.१ तथा आत्महत्याको प्रयास गर्नेको प्रतिशत १.८ छ।

कर्णालीमा १५-४९ वर्ष उमेर समूहका १३.१ प्रतिशत महिला र १६.४ प्रतिशत पुरुष स्वास्थ्य बीमामा आबद्ध छन्। ५-१७ वर्ष उमेर समूहका १२.६ प्रतिशत तथा पाँच वर्षमुनिका ८.५ प्रतिशत बालबालिका स्वास्थ्य बीमामा आबद्ध रहेको सर्वेक्षणले देखाएको छ।

किशोरी प्रजनन् र बालविवाह चुनौती

नेपालमा १५-४९ वर्ष उमेर समूहका महिलाको कुल प्रजननदर प्रतिमहिला औसत १.९ जीवित जन्म छ भने कर्णालीमा यो दर २.३ छ। १५-१९ वर्ष उमेर समूहका किशोरीको प्रजननदर राष्ट्रिय रूपमा प्रति एक हजार किशोरीमा ४८ जीवित जन्म रहँदा कर्णालीमा यो दर ७७ पुगेको छ।

त्यस्तै २०-२४ वर्ष उमेर समूहका महिलामध्ये ११.२ प्रतिशतले १८ वर्षअघि नै बच्चा जन्माइसकेको देखिएको छ भने कर्णालीमा यस्तो प्रतिशत १८.८ छ। २०-२४ वर्ष उमेर समूहका महिलामध्ये १५ वर्ष उमेरअघि विवाह गर्नेको प्रतिशत राष्ट्रिय रूपमा ५.१ रहेको छ भने कर्णालीमा ९.९ प्रतिशत छ, जुन सबै प्रदेशहरूको भन्दा उच्च हो।

त्यस्तै १८ वर्षअघि विवाह गर्ने महिलाको प्रतिशत राष्ट्रिय रूपमा २७.६ रहेकोमा कर्णालीमा ४१ प्रतिशत पुगेको छ। यो पनि सबैभन्दा उच्च दर हो। यस्तै कर्णालीमा १५-४९ वर्ष उमेर समूहका ३८.९ प्रतिशत विवाहित महिलाले परिवार नियोजनका कुनै न कुनै उपाय प्रयोग गर्ने गरेका छन्। आधुनिक परिवार नियोजनबाट आवश्यकता पूरा गर्ने दर ५८.७ प्रतिशत छ। पूर्वप्रसूति जाँच गराउने महिलाको प्रतिशत कर्णालीमा राष्ट्रिय औसतभन्दा बढी छ।

सर्वेक्षणअनुसार जीवित शिशु जन्माएका १५-४९ वर्ष उमेर समूहका ९१.९ प्रतिशत महिलाले कम्तीमा चारपटक पूर्वप्रसूति जाँच गराएका छन्। त्यस्तै, कर्णालीमा ९१.३ प्रतिशत महिलाले स्वास्थ्य संस्थामा प्रसूति गराएका छन्, भने ९४ प्रतिशतले दक्ष प्रसूतिकर्मीको सहयोग लिएका छन्।

सिजेरियन शल्यक्रियामार्फत प्रसूति गराउने दर भने ९.२ प्रतिशत छ, जुन राष्ट्रिय दर २४.४ प्रतिशतभन्दा निकै कम हो। यस्तै पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ता दर कर्णालीमा ९५.८ प्रतिशत छ, जुन देशकै सबैभन्दा उच्च हो। राष्ट्रियस्तरमा यस्तो दर ८५.४ प्रतिशत छ। तर बालश्रममा संलग्न ५-१७ वर्ष उमेर समूहका बालबालिकाको प्रतिशत कर्णालीमा २४.१ छ, जबकि राष्ट्रियस्तरमा यो दर १२.१ प्रतिशत मात्रै छ।

'समयमै व्यक्तिगत घटना दर्ता गरौं, राज्यको सेवा सुविधाबाट बञ्चित नहोऔं'

- जन्म दर्ता: बालबालिका जन्मिएको ३५ दिनभित्र वडा कार्यालयमा गइ निःशुल्क जन्म दर्ता गराऔं। यो बालबालिकाको पहिलो परिचय पत्र हो।
- मृत्यु दर्ता: परिवारको सदस्यको मृत्यु भएको ३५ दिनभित्र मृत्यु दर्ता गरी कानुनी र पारिवारिक जिम्मेवारी पुरा गरौं।
- विवाह दर्ता: दम्पतीको कानुनी सुरक्षा र पारिवारिक सम्बन्धको प्रमाणका लागि विवाह दर्ता अनिवार्य गरौं।
- बसाइँसराइ: नयाँ ठाउँमा सेवा सुविधा र परिचयका लागि ३५ दिनभित्र बसाइँसराइ दर्ता गरौं।
- सम्बन्ध विच्छेद: अदालतको फैसला बमोजिम ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं।

जनकबहादुर रावल
वडा अध्यक्ष
वीरेन्द्रनगर नगरपालिका
६ नं. वडा कार्यालय
सुर्खेत

'समयमै व्यक्तिगत घटना दर्ता गरौं, राज्यको सेवा सुविधाबाट बञ्चित नहोऔं'

- जन्म दर्ता: बालबालिका जन्मिएको ३५ दिनभित्र वडा कार्यालयमा गइ निःशुल्क जन्म दर्ता गराऔं। यो बालबालिकाको पहिलो परिचय पत्र हो।
- मृत्यु दर्ता: परिवारको सदस्यको मृत्यु भएको ३५ दिनभित्र मृत्यु दर्ता गरी कानुनी र पारिवारिक जिम्मेवारी पुरा गरौं।
- विवाह दर्ता: दम्पतीको कानुनी सुरक्षा र पारिवारिक सम्बन्धको प्रमाणका लागि विवाह दर्ता अनिवार्य गरौं।
- बसाइँसराइ: नयाँ ठाउँमा सेवा सुविधा र परिचयका लागि ३५ दिनभित्र बसाइँसराइ दर्ता गरौं।
- सम्बन्ध विच्छेद: अदालतको फैसला बमोजिम ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं।

चुडामणी चपाई
वडा अध्यक्ष
वीरेन्द्रनगर नगरपालिका
१२ नं. वडा कार्यालय
सुर्खेत

'समयमै व्यक्तिगत घटना दर्ता गरौं, राज्यको सेवा सुविधाबाट बञ्चित नहोऔं'

- जन्म दर्ता: बालबालिका जन्मिएको ३५ दिनभित्र वडा कार्यालयमा गइ निःशुल्क जन्म दर्ता गराऔं। यो बालबालिकाको पहिलो परिचय पत्र हो।
- मृत्यु दर्ता: परिवारको सदस्यको मृत्यु भएको ३५ दिनभित्र मृत्यु दर्ता गरी कानुनी र पारिवारिक जिम्मेवारी पुरा गरौं।
- विवाह दर्ता: दम्पतीको कानुनी सुरक्षा र पारिवारिक सम्बन्धको प्रमाणका लागि विवाह दर्ता अनिवार्य गरौं।
- बसाइँसराइ: नयाँ ठाउँमा सेवा सुविधा र परिचयका लागि ३५ दिनभित्र बसाइँसराइ दर्ता गरौं।
- सम्बन्ध विच्छेद: अदालतको फैसला बमोजिम ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गराऔं।

गजबहादुर बुढा
वडा अध्यक्ष
वीरेन्द्रनगर नगरपालिका
२ नं. वडा कार्यालय
सुर्खेत



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)